## उच्च अदालत दिपायल
## डोटी
### सूचना नं. ०१/०७३/०७४
### प्रथम पटक प्रकाशित मिति:२०७४/०१/१३

यस अदालतबाट तपसिल बमोजिमको कार्य बोलपत्रद्धारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत पत्र प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न सर्तहरूको अधिनमा रहि रितपूर्वकको बोलपत्र आह्वान गरिएको छ।

१.बोलपत्रको सूचना प्रकाशित भएको मितिले ३० दिन २०७४/०२/११ भित्र रू. ३,०००/- दस्तुर फिर्ता नहुनेगरी बुझाई अध्यावधिक नविकरण भएको ईजाजत पत्र तथा मु.अ कर र स्थायी लेखा दर्ता नं र आ.व २०७२/०७३ को कर चुक्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखि निबेदन दिई यस उच्च अदालत दिपायलबाट कार्यालय समयभित्र बोलपत्र खरिद गर्न सकिने छ।

२.खरिद भएको बोलपत्र प्रष्टसँग भरी निर्माण व्यबसायिले प्रत्येक पानामा सही छाँप गरि,खाम बाहिर फर्मको नाम,ठेगाना खरिद नम्बर तथा कामको नाम प्रष्टसँग लेखी तपशिल बमोजिमको बोलपत्र दाखिला गर्ने अन्तिम मितिको दिनको १२:०० बजे भित्र यस उच्च अदालत दिपायलमा दर्ता गराउनु पर्नेछ। म्याद सकिएपछि प्राप्त हुने बोलपत्र स्वीकार गरिने छैन। दर्ता भएका बोलपत्रहरू सोहि दिनको २:०० बजे बोलपत्र दाताहरू तथा प्रतिनिधिहरूको रोहवरमा यस उच्च अदालत दिपायलमा खोलिने छ। बोलपत्रदाताहरू वा प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलत्र खोल्न बाधा पर्ने छैन।

३.एक फर्म वा संस्थाको नाममा खरीद भएको बोलपत्र अर्को फर्मा वा संस्थाको नामबाट दाखीला गर्न पाईने छैन।

४.बोलपत्रको मान्य हुने अवधी बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखि ९० दिनको हुने छ। बोलपत्र साथ धरौटी बापत तपशिलमा उल्लेखित रकम यस उच्च अदालतको कार्यालयको कोड नं ६८-२०४-०३ उल्लेख गरी को.ले.नि.का सिलगढी,डोटी(राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय सिलगढीमा रहेको) धरौटी खाता नं.२०३ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको यस उच्च अदालतको नाममा क वर्गको बाणिज्य बैकबाट जारी गरिएको बोलपत्र मान्य हुने अर्थात अवधि भन्दा ३० दिन बढि मान्य अवधि भएका बिडवंण्ड पेश गर्नु पर्नेछ।

५.बोलपत्र सर्त रहित कार्यालयाले उपलब्ध गराएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्ने छ। केरमेट भएको ठाउँमा अधिकार प्राप्त व्यक्तिको सहि छाप हुनु पर्नेछ। रित नपुगेको र सूचनाका सर्त बिपरित भएको बोलपत्र माथि कारवाही हुने छैन।

६.बोलपत्र दाताले निर्माण स्थल र साईटको वास्तबिक स्थिति बुझेर बोलपत्र फारम भरी दाखिला गरेको मानिनेछ।

७.बोलपत्रदाताले BOQ अंक र अक्षरमा दुबै महलमा अनिवार्य रूपमा दररेट (मु.अ कर बाहेक)उल्लेख गर्नुपर्ने छ। अक्षर र अंक फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ। बोलपत्रदाताले बोल कबोलको अन्तिम जोड जम्मा अंक उल्लेख गर्नुपर्ने छ। कुल जम्मा नगरी पेश गरेको बोलपत्र मान्य हुने छैन र मुल्यांकनमा समाबेस गरिने छैन।

८.बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सो को भोलिपल्ट वा बिदापछि अदालत खुलेको दिन तोकिएको समयमा नै हुनेछ।

९कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण रूपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस अदालतमा निहित रहनेछ।

१०.बोलपत्र सम्बन्धि अन्य कुनै कुरा बुझ्नु परेमा अदालत समयभित्र यस उच्च अदालत दिपायलमा सम्पर्क राख्न सकिनेछ।

११.प्रचलित नियमानुसार रित नुगेको र यस सूचना एवं बोलपत्र सम्वन्धि कागजातमा उल्लेखित सर्तहरू पुरा नभएको बोलपत्रमा कार्वाही गरिने छैन।

१२.पूर्व बोलपत्र बैठक मिति:२०७४/०२/०२ गते दिनको १:०० बजे यस उच्च अदालतमा हुनेछ।

१३.संयुक्त उपक्रमको(Joint Venture)को माध्यमबाट काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्वन्धि सम्झौता पत्र पेश गर्नु पर्नेछ र संयुक्त उपक्रममा बढिमा ३ फर्मले संयुक्त रूपमा बोलपत्रमा भाग लिन सक्ने छन। सम्झौता पत्रमा कामको बिबरण शेयर खुलेको हुनुपर्ने छ।

१४.कामको गुणस्तर(Quality Of work)निर्माण सम्बन्धि स्वीकृत स्पेशिफिकेशन अनुसार गर्नुपर्नेछ।

१५.बोलपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरूको हकमा यसै सूचना अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ एवं प्रचलित ऐन नियम अनुसार हुनेछ।

१६.बोलपत्रदाताले E_Procurement मार्फत www.edudbc.gov.np मा गई बोलपत्र Tender Download गरि बोलपत्र प्रस्ताव पेश तथा दर्ता गर्न सकिनेछ।

१७.E-Submission को हकमा बोलपत्र खरिद बापतको रकम यस उच्च अदालत दिपायलको कोड नं६८-२०४-०३ राजस्व शिर्षक नं.१४२२७ उल्लेख गरि राष्ट्रिय बाणिज्य बैंक सिलगढी शाखामा रहेको उच्च अदालत दिपायलको खाता नं.क-१-१-००२ मा जम्मा गरेको बैक भौचर अनिवार्य रूपमा पेश गर्नु पर्नेछ। सो भौचरमा निर्माण व्यवसायीको नाम, ठेगाना र खरिद नं स्पष्ट संग उल्लेख गर्नुपर्नेछ। साथै उक्त रकम बोलपत्र खरिद गर्ने अन्तिम दिन अदालत समयभित्र सम्बन्धित खातामा जम्मा भएका हुनु पर्नेछ अन्यथा मान्य हुने छैन।

१८.बोलपत्रदाताले लागत अनुमान भन्दा १५% सम्म काम अंक कबोल गरेमा कबोल अंकको ५% र लागत अनुमानको १५% भन्दा वढी घटेर कबोल गरेको अवस्थामा १५% भन्दा जति रकमले घटी कबोल गरेको छ सोको ५०% ले हुन आउने रकम कबोल अंकको ५% मा थप गरी कार्य सम्पादन जमानत राख्नु पर्नेछ।

| सि. नं | खरिद नं. | कामको बिबरण | लागत अनुमान(मु.अ. कर बाहेक) | धरौटी रकाम रू | बोलपत्र खरिद दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | HC Dipayal Security barrack/NCB/01/073/074 | सुरक्षा कमीका लागी ब्यारेक निर्माण कार्य | ७६,२६,३६४।६३ | २,३०,०००।०० | ३,०००।०० | २०७४/०२/११ | २०७४/०२/१२ |